आज मिति २०७५ भाद्र ८ गते बेलबारी नगरपालिकाको सभाकक्षमा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को (ठ) ४ मा भएको व्यवस्था अनुसार स्थानीय तहबिचको साझा सरोकार तथा साझेदारीका विषयमा अन्तर स्थानीय तह संयूक्त समन्वय समिति बेलवारी नगरपालिकाका नगरप्रमुख श्री ज्ञानेन्द्र सुवेदीज्यूको संयोजकत्वमा तपशिल बमोजिमका स्थानीय तहहरुका नगर प्रमुख, गाउँपालिकाका अध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत र अन्य प्रतिनिधीहरुको उपस्थितिमा वैठक बस्यो ।

**तपशिल**

| | | |
|---|---|---|
| संयोजकः नगर प्रमुख श्री ज्ञानेन्द्र सुवेदी | | बेलबारी नगरपालिका |
| सदस्यः नगर प्रमुख श्री शिव प्रसाद ढकाल | | सुन्दरहरैचा नगरपालिका |
| सदस्यः अध्यक्ष श्री रोहित कार्की | | केराबारी गाउँपालिका |
| सदस्यः अध्यक्ष श्री तारा काफ्ले | | कानेपोखरी गाउँपालिका |

**आमन्त्रित**

| | | |
|---|---|---|
| प्रमुख प्र.अधिकृत श्री जिवन प्रसाद आचार्य | | सुन्दरहरैचा नगरपालिका |
| नि.प्र.प्र.अधिकृत श्री महेन्द्र खड्का | | बेलबारी नगरपालिका |
| प्रमुख प्र.अधिकृत श्री डम्बरु बराल | | केराबारी गाउँपालिका |
| देवेन्द्र थापा | लेखा अधिकृत | कानेपोखरी गाउँपालिका |
| अर्पण थापा | इन्जिनियर | कानेपोखरी गाउँपालिका |
| बालकृष्ण निरौला | इन्जिनियर | बेलबारी नगरपालिका |
| दिनेश खड्का | कम्प्युटर अपरेटर | बेलबारी नगरपालिका |

**प्रस्तावहरु**

१. चिसाङ र लोहन्द्रा खोलाको ठेक्का प्रकृया सम्वन्धमा ।

२. करको दररेट सम्वन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १** बेलबारी नगरपालिका, सुन्दर हरैचा नगरपालिका, कानेपाखरी गाँउपालिका र केरावारी गाउँपालिकाको प्रमुखज्यूहरुको मिति २०७५।५।८ गते बसेको वैठकको निर्णयानुसार साझा खोलाको हकमा सिमा जोडिएका स्थानीय तहहरुको IEE अध्ययन प्रतिवेदनको आधारमा तपशिल बमोजिमको खोलाहरुमा संयुक्त रुपमा ठेक्का वन्दबस्त गर्ने गरि बेलबारी नगरपालिकालाई सहमती दिनुका साथै उक्त ठेक्का वन्दोबस्त गरे वापत सामान्य प्रशासनिक खर्च समायोजन गरी बाँकी रकम सम्वन्धित पालिकाहरुको उल्लेखित परिमाणको आधारमा बाडफाँड गर्ने निर्णय गरियो ।

तपशिल

क. चिसाङ खोलाको हकमा

बेलबारी नगरपालिका र कानेपोखरी गाँउपालिकाले गरेको IEE प्रतिवेदनको आधारमा बेलवारी नगरपालिकाको माथिल्लो राधानगर (गौथली चोक), राधानगर, श्रृजना टोल, शान्ती टोल, दौलतपुर (क) र दौलतपुर (ख) गरि ६ वटा नाकाबाट जम्मा ५९३४५ घनमिटर र कानेपोखरी गाँउपालिकाको जहदा, बागझोडा र धावी टोल नाकाबाट जम्मा ६७४८५ घनमिटर गरि जम्मा १२६८३० घनमिटर बरावर ढुङ्गा, गिटी, बालुवाको उत्खन्न गर्न सकिने IEE प्रतिवेदनले औंल्याएको हुदाँ सोही परिमाण बराबरको ठेक्का बन्दोबस्त गर्न उपयूक्त हुने देखियो ।

ख. लोहन्द्रा खोलाको हकमा

बेलवारी नगरपालिका र केरावारी गाँउपालिकाले गरेको IEE प्रतिवेदनको आधारमा बेलवारी र केरावारीको नक्सल नाका एउटै नाका पर्ने भएकोले सो नाकामा केरावारी गाँउपालिकाको ५०००० घनमिटर र बेलबारीको ५०१६४ घनमिटर गरि जम्मा १००१६४ घनमिटर बरावर ढुङ्गा, गिटी, बालुवाको उत्खन्न गर्न सकिने साथै बेलबारी नगरपालिका र सुन्दरहरैचा नगरपालिकाको IEE प्रतिवेदनको आधारमा लोहन्द्रा खोलाको शुक्रबारे नाका र गडगाँउ नाका दुबै नगरपालिकाको संयुक्त नाका भएकोले नाकामा सुन्दरहरैचाको ८६०७१ घनमिटर र बेलबारीको ३३८५७ घनमिटर र बाँकी लोहन्द्रा खोलामा बेलबारीको विभिन्न नाकामा ५०८८३ घनमिटर जम्मा २७०९७५ घनमिटर बराबरको ढुङ्गा, गिटी, बालुवाको उत्खन्न गर्न सकिने सबै पालिकाको IEE प्रतिवेदनले औंल्याएको हुदाँ सोही परिमाण बराबरको ठेक्का बन्दोबस्त गर्न उपयूक्त हुने देखियो ।

उल्लेखित खोलाहरुको अलग अलग प्याकेजमा ठेक्का बन्दोबस्त गर्न उपयूक्त हुने निर्णय गरियो ।

निर्णय नं. २: ढुङ्गा, गिटी, बालुवा, भरौटको दररेट सम्बन्धमा प्रदेश सरकारले तोकेको दररेटमा नवढ्ने गरी प्रति घनफिट सरदर रु २.७५ अक्षरेपी दुई रुपैया पचहत्तर पैसा कायम गर्ने निर्णय गरियो ।